# प्रहरी सहायक निरीक्षक आधारभूत तालिम १७३ औं समूहको दीक्षान्त सम्बोधन

**मिति :- २०७४।०३।०७ गते।**

१. जुनियर प्रहरी शिक्षालयको प्राङ्गणमा आज यो प्रहरी सहायक निरीक्षक आधारभूत तालिम १७३ औं समूहको दीक्षान्त समारोहमा सरीक भईरहंदा मलाई २०७२ सालमा यसै प्रशिक्षण केन्द्रमा भएका ३ अत्यन्तै महत्वपूर्ण कोशे ढुंगाको रुपमा रहेका अवसरहरु सम्झना भइरहेको छ।

२. म मध्य क्षेत्र प्रहरी प्रमुखको रुपमा कार्यरत रहंदा २०७२ सालको महाभुकम्प र त्यस लगत्तैको नयां संविधान जारी हुनु पूर्व र जारी भएपश्चात लगातार ७ महिनासम्म आन्दोलित-हिंसात्मक गतिविधीको वीच अवधिमानै प्रहरी सहायक निरीक्षक आधारभूत तालिममा ३५० जना सुयोग्य प्रहरी सहायक निरीक्षकहरु यसै प्राङ्गणबाट दीक्षित भई प्रहरी कार्यक्षेत्र प्रवेश गरेका थिए।

३. महाभूकम्पले उत्तर-मध्य क्षेत्र र हिंसात्मक गतिविधीले दक्षिण मध्यक्षेत्र वर्षभरी नै भय र संकटमा रहंदाकै वीचमा चितवनका शान्ति-सुरक्षा र सुव्यवस्था प्रेमी नागरीक अगुवाहरुको प्रतिवद्ध सहयोगको आडमा प्रहरी नागरिक सहयोगको अतुलनीय अभियान Police Public Campaign for Children (P2C2) को आरम्भ यसै प्रांगणबाट गरेका थियौं। अपराध नियन्त्रण लक्ष्यको लागि शुरु गरिएको सडक वालवालिकाहरुको उद्दार र पुनरोत्थान सम्बन्धी P2C2 कार्यक्रमको त्यो लामो अभियानले उत्पन्न गरेको प्रभावले नेपालकै ट्रान्जिट शहर चितवनलाई अपराधमुक्त वनाउने दिशामा अहिले पनि सक्षम र प्रभावकारी भूमिका खेलिरहेकोमा मलाई गौरव लागेको छ र आजै यस समारोह बीच P2C2 कार्यक्रमलाई महिला तथा बालबालिका मन्त्रालय सहयोग गर्ने गरी प्रतिवद्धता प्राप्त भएको सुखद खबर सुनाउन चाहन्छु। P2C2 का सहृदयी सहयोगी संचालकहरुप्रति आभार पनि व्यक्ति गर्दछु।

४. P2C2 का अथक अगुवा नागरिकहरुमा मेरो हार्दिक अभिवादन छ र ती कठिन अवस्थाकै बीचमा पनि शान्त रहेको चितवनले मलाई प्रदान गरेको प्रहरी मैत्री क्षणहरु मेरो लागि अविष्मरणीय छन्। भूकम्पले दिएको मानवीय पीडा र हिंसात्मक घटनामा आगोका लप्काहरुवीच त्यतिवेला चितवनको Buffer Zone को भूमिका शान्ती र

सुव्यवस्थाको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण रह्यो र संकटकालिन इन्धन आपूर्तीको औपचारिक रणनीतिक स्थिति पनि स्मरण गर्दछु ।

५. हाम्रो राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रत्यक्ष मातहतमा संचालित जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुरले साविकमा निर्वाह गर्दै आइरहेको मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्रको जिम्मेवारीलाई चितवनबाट सिन्धुलीको दुधौलीमा सार्ने महत्वपूर्ण कार्य पनि २०७२ सालमै सम्पन्न हुन पुग्यो । सो अवसरमा म र जनकपुर अंचलका तात्कालिन प्रहरी प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक सुरेश विक्रम शाह दुधौलीको जमिनमा मध्यक्षेत्र तालिम केन्द्रको स्थापनाका लागि पाइला टेक्ने पहिलो उच्च प्रहरी अधिकारी थियौं । जुन पाइला मार्फत हाल दुधौलीमा मध्ये क्षेत्रीय तालिम केन्द्रको यात्रा शुरु भैसकेको छ ।

६. पुलिस तालिम कलेजको रुपमा यस शिक्षालयले ३ वर्षको अवधिमा प्रहरी सहायक निरीक्षक आधारभूत तालिमको तेस्रो समुहलाई दिक्षान्त गरिरहंदा नेपाल प्रहरीको लागी प्रहरी सहायक निरीक्षकको उत्पादन संख्या एक हजार पुऱ्याएकोमा मलाई खुशी लागेको छ । यस अवसरमा अथक मिहेनत र व्यावसायिक लगनशीलताको लागि शिक्षालयका प्रधानाचार्य प्रहरी नायव महानिरीक्षक रण बहादुर चन्द र प्रशिक्षक वर्गप्रति विशेष सह्रना व्यक्त गर्नु कर्तव्य ठान्दछु र यसै अवसरमा तालिम केन्द्रलाई तालिम कलेजको रुपमा विकास गर्न शुरुका दिनमा अथक मिहेनत गर्ने तत्कालिन समादेशक प्रहरी वरिष्ठ उपरीक्षक रमेश खरेलको मिहेनतलाई पनि सम्झन चाहन्छु ।

७. आजको यस दीक्षान्त समारोहको अवसरमा नेपाल प्रहरीको जनशक्ति उत्पादन तथा विकास गर्ने मेरुदण्ड "राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान" महाराजगंज, जुनियर प्रहरी अधिकृत शिक्षालय, भरतपुर लगायत नेपाल प्रहरीका प्रशिक्षण प्रदायक निकायहरुद्वारा संचालन हुने प्रशिक्षण हरुमा प्रयोग हुने पाठ्य सामग्रीहरुको उपलव्धता र तत्काल पहुंचको सुनिश्चितता गर्न  राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले e-Resource Portal संचालन गर्न लागेकोले यसै समारोहमा माननीय गृहमन्त्रीज्यूबाट यसको शुभारम्भ हुदैछ । e-Resource यो सुभारम्भले संस्थागत आधिकारीकता प्राप्त हुने कुरा माननीय गृहमन्त्रीमा निवेदन गर्न चाहन्छु ।

८. नेपाल प्रहरीले बिगत देखिनै अवलम्वन गरेको Less Paper Office Management को अवधारणा अनुरुप प्रशिक्षण पद्दतिलाई आधुनिकिकरण गर्ने र प्रशिक्षण गतिविधिहरुलाई समय सापेक्ष विकास गर्दै त्यस्ता प्रशिक्षण सामाग्री तथा गतिविधिहरुलाई Intranet Portal को माध्यमवाट नेपाल प्रहरीका तालिम लाई थप व्यवस्थित गर्दै प्रभावकारी प्रशिक्षण पद्दतिको विकास गर्ने उद्देश्य सहित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले यो e-Resource Portal को सुरुवात गर्न लागेको हो । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर र पाँचै क्षेत्रीय तालिमकेन्द्रहरुको वीचमा यो e-Resource Portal ले अव प्रशिक्षण प्राप्त सहभागीहरुको तत्काल Sharing र प्रहरी तालिमको समग्र व्यवस्थापनलाई प्रभावकारी वनाउन मद्दत पुग्ने छ ।

९. हालको परिप्रेक्षमा "प्रहरी सेवाको मुख्य पूर्वाधार प्रशिक्षण र प्रशिक्षणको लागी प्रविधिको प्रयोग" भन्ने मान्यतालाई आत्मसात गर्दै राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रयासमा आवद्ध जुनियर प्रहरी अधिकृत शिक्षालय, क्षेत्रीय तालिमकेन्द्रहरु र बिशिष्टिकृत प्रशिक्षण प्रदान गर्ने प्रहरी प्रशिक्षण संस्थाहरु प्रति यसै अवसरमा धन्यवाद दिन चाहन्छु ।

१०. तपाईहरू मध्येकै ३२ जना प्रहरी सहायक निरीक्षकहरु प्रशिक्षकको रुपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रणालीमा चयन हुने कुरा पनि तपाईहरूलाई यसै अवसरमा जानकारी गराउन चाहान्छु । तालिमको दौरानमा प्राप्त ज्ञाप, सीप र कौशल कार्यक्षेत्रमा प्रयोग गर्ने जिम्मेवारी अब तपाईहरुलाई छ । माननीय गृहमन्त्रीज्यूको समूपस्थितिमा तपाईले लिएको शपथले तपाईलाई राज्य र कानून प्रति समर्पित गरेको छ । हरेक दिन विहान, आफूले लिएको यो शपथ दोहोऱ्याउनु भयो भने तपाईबाट इमान्दारी मर्ने छैन । राष्ट्रघात हुने छैन । त्यसैले प्रशिक्षार्थीहरु हरेक दिन आफ्नो ड्यूटी शुरु गर्नु अघि यो सपथलाई दोहोऱ्याउन आदेश गर्दछु ।

११. राष्ट्रले अंगालेको स्थानीय तहमै स्व-शासनको अपरिचित र जटील अभ्यासमा तपाईले गर्नुपर्ने Local Level Policing को *अहमियत* कस्तो हुनेछ र त्यसमा तपाईको व्यावसायीक भूमीकाले कस्तो प्रतिकृया गर्नेछ भन्ने कुरा भोलीको प्रहरी तयार पार्दा अत्यन्तै महत्वपूर्ण हुनेछन् र वृत्ति विकासको खडेरी परेको नेपाल प्रहरीको वर्तमान

अवस्थामा तपाईको वृत्ति विकास योजनाको चिन्ता गर्न हामी संगठनका नेतृत्व वर्ग बाध्य पनि हुनेछौं ।

१२. नेपाल प्रहरीको माध्यमबाट राष्ट्रको शान्ती, सु-व्यवस्था र अमनचयन कायम गर्ने महत्वपूर्ण तर कठीन सेवामा आफ्ना सन्तानहरुलाई उपलव्ध गराउने सम्पूर्ण बुवा-आमाहरुलाई कृतज्ञता ज्ञापन गर्दछु ।

१३. प्रशिक्षार्थीहरु “It’s not the batch that makes an officer, it’s the person who makes an officer” दर्जाको फूली प्रहरी अधिकृत बन्दैन, व्यक्तिको गुण र चरित्रले अधिकृत बन्दछ भन्ने पुलिस World को भनाई याद गर्नुहोला ।

१४. अन्तमा ईश्वरले जस्को हातमा कर्तव्यको झण्डा थमाएका छन्, उसलाई झण्डा उठाई राख्नेद्द सामर्थ्य पनि प्रदान गरून् ।

***धन्यवाद, जय नेपाल ।***